**समाज अन्वेषण** वर्ष–२, अङ्क–१, पूर्णाङ्क–३, २०८१ वैशाख–असोज
DOI: https://doi.org/10.3126/anweshan.v2i1.68573
Research Article
ISSN ; 3021-9035 Print

# नेपाली लोकगीतमा लोकजीवन

डा. विष्णु न्यौपाने
neupanesmc@gmail.com

## लेखसार

नेपाली लोकगीतमा 'लोकजीवन' शीर्षकको प्रस्तुत लेख नेपाली लोकगीतहरूमा प्रस्तुत भएको लोकजीवनको अध्ययनमा केन्द्रित छ । लोकगीत लोकजीवनको अभिव्यक्ति हो। यसमा लोकजीवनका विविध विषयवस्तुहरू प्रस्तुत भएका हुन्छन्। लोक–जीवनलाई आधार बनाएर रचना गरिएका लोकगीतमा लोकव्यवहारको अभिव्यक्ति भएको हुन्छ। लोक–जीवनका विविध सांस्कृतिक पक्षको चित्रण यिनमा पाइन्छ। कृषिप्रधान देश नेपाल भएकाले कृषिकर्मको अभिव्यक्ति यसमा भएको हुन्छ । नारीजीवनका कथाव्यथाको प्रस्तुति, मानिसको उमेरअनुसारका चाहनाको अभिव्यक्ति पनि लोकगीतमा भएको हुन्छ। नेपाली लोकगीतले लोकजीवनमा प्रभाव पारेको हुन्छ। यिनै पक्षको खोजी प्रस्तुत लेखमा गरिएको छ। यो लेखमा लोकगीतमा केकस्तो लोकजीवनलाई प्रस्तुत गरिएको छ भन्ने मूल समस्याका रूपमा लिई विषयको व्याख्या विश्लेषण गरिएको छ। पुस्तकालय अध्ययन कार्यका आधारमा द्वितीयक स्रोतसामग्री सङ्कलन गरेर यिनै सामग्रीको अध्ययन र पुनरवलोकनबाट गुणात्मक अनुसन्धान ढाँचामा विश्लेषित यस अनुसन्धानात्मक लेखमा लोकजीवनका सुखदुःख, हर्ष–बिस्मात, उकालीओराली, विजयपराजय, प्रेमपीडा, मिलनवियोग, उज्यालो पक्ष, अँध्यारो पक्ष, आँसुहाँसो, उन्नतिअवनति जस्ता पक्षहरू लोकगीतमा व्यक्त भएका छन् भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ।

## शब्दकुञ्जी

लोकभावना, लोकसमाज, समाजको प्रतिबिम्ब, सामाजिक जागरण, सौन्दर्यचेतना।

## विषय प्रवेश

लोकगीत लोकसाहित्यको एउटा विधा हो। जब मानिसले बोल्न थाल्यो तब सुखदुःखको अभिव्यक्तिका क्रममा उसले लयमा गुनगुनाउन थाल्यो । तसर्थ मानिसले बोल्न थालेपछि नै लोकगीतको प्रारम्भ भएको मानिन्छ। यो लोकजीवनमा निकै व्यापक बनेको र नेपाली जनजिब्रोमा निकै लोकप्रिय भई भिजेर रहेको छ । लोकभाषा र लोकशैलीको प्रयोग हुने यसमा लोकभावना र लोकविचारको अभिव्यक्ति रहेको हुन्छ। नेपाली समाजमा मनाइने विभिन्न अवसर, चाड, पर्व, जात्रा, मेला, संस्कार आदिमा लोकगीत गाइने गरिन्छ। लोकगीतलाई क्षेत्र, जाति, सहभागी, कथ्यविषय, आकारप्रकार, समय आदिका आधारमा वर्गीकरण गर्न सकिन्छ। जुनसुकै प्रकारको लोकगीत भए पनि त्यसमा लोकजीवन तथा लोकजगत्को प्रस्तुति रहेकै हुन्छ।

लोकजीवनका सुखदुःख, हर्षविस्मात, उकालीओराली, विजयपराजय, प्रेमपीडा, मिलनवियोग, उज्यालो पक्ष, अँध्यारो पक्ष, आँसुहाँसो, उन्नतिअवनति जस्ता पक्षहरू लोकगीतमा व्यक्त भएका हुन्छन्। त्यसैले लोकगीतमा प्रस्तुत भएको लोकजीवनको खोजी गरी तिनको तात्पर्य पहिल्याउनु आवश्यक भएको छ।

नेपाली लोकगीतमा लोकजीवन केकसरी आएको छ भन्ने मूल समस्यामा यो लेख केन्द्रित रहेको छ। लोकजीवनका विभिन्न पक्षहरू समावेश भएका लोकगीतहरूको उदाहरण दिई लोकजीवनका विभिन्न पक्ष उजिल्याउनु यस लेखको मूलभूत उद्देश्य हो। यसका लागि प्राथमिक र द्वितीयक स्रोतबाट लोकगीत सङ्कलन गरी तिनको अध्ययन र विश्लेषण गरिएको छ। तसर्थ नेपाली लोकगीतमा लोकजीवनसम्बन्धी मूल समस्यामा केन्द्रित रही लोकगीतमा प्रस्तुत लोकवस्तुको खोजी गरिएको प्रस्तुत लेखमा लोकगीतलाई पाठगत साक्ष्य मानी यसैका आधारमा विषयको अध्ययन विश्लेषण गरी तिनको सामान्यीकरण गरिएको छ।

## *अध्ययन विधि*

प्रस्तुत लेखका लागि आवश्यक सामग्रीहरू प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ। व्यक्तिगत कुराकानीका आधारमा सङ्कलन गरिएका सामग्री प्राथमिक स्रोतका सामग्री हुन्। लोकगीत सङ्कलित पुस्तकहरू, लोकगीतसम्बन्धी अध्ययनपत्र द्वितीयक स्रोतका सामग्री हुन्। व्यक्तिगत कुराकानीका आधारमा प्राथमिक स्रोतबाट तथा पुस्तकालयीय कार्यका आधारमा आवश्यक द्वितीयक स्रोतबाट लोकगीतहरू सङ्कलन गरिएको छ।

## *लोकगीतको पुनरवलोकन*

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोकगीत सबैभन्दा प्राचीन, व्यापक, समृद्ध र अत्यन्त लोकप्रिय विधा हो। मानिसको बोली प्रस्फुटन भएदेखि नै लोकगीत गाउन थालिएको मानिन्छ। मानिसलाई गीतमा गुनगुनाउन कुनै समय, कुनै अवसर, कुनै पर्व, कुनै सङ्गीतको साधनको आवश्यकतै पर्दैन। स्वतःस्फूर्त रूपमा ऊ गीत गुनगुनाउँछ। यसमा न उमेरको छेकबार हुन्छ, न समयको नै। खोलाको छङ्छङ् आवाज जस्तै मानिस गीत गुनगुनाउँदै हिँड्छ। मात्र उसको उमेर अनुसार गीतका शैली र भाव चाहिँ फरकफरक हुन्छन्। बालक कालमा गुनगुनाइएका गीतमा बालसुलभ प्रवृत्ति झल्किएको हुन्छ। यति बेला अरूका गीतको नक्कल गर्ने बानी हुन्छ। अरूले गाए जस्तै गीत बालक कालमा गाइएका हुन्छन्। युवावस्थामा मायाप्रेमका गीत बढी गाइन्छन्। यो अवस्थामा अभाव र पीडाका गीत गाइन्छन्। प्रौढ अवस्थामा मायाप्रेमका गीतलाई छाडेर जीवनजगत्का यावत कुराहरू गीतका विषय बन्दछन्। यो अवस्थाका गीतमा युवावस्थाका शृङ्गारपटार, लोभलाग्दा वेशभूषा, रङ्गीन जीवन छाडेर साधारणमा बदलिए जस्तै गीतका भाव पनि सामान्य खालका हुन्छन्। पारिवारिक जिम्मेवारी र दायित्वले गर्दा यो अवस्थाका गीतको शब्द र शैली परिपक्व खालका हुन्छन्। वृद्धावस्थाका गीतमा आफ्नो जीवन अनुभवका उकालीओराली तथा आस्थाका भावहरू झल्केका हुन्छन्। जे होस् मानिसले नजानी नजानी गीत गुनगुनाउँदै आयो। त्यसैले यसको आरम्भ मानव बोलीको विकाससँगै भएको मानिन्छ।

लोकगीतमा लोकभावनाको एकोन्मुखता रहन्छ। लोकबासीले भोगेका सुखदुःख, हर्षबिस्मात, प्रेमपीडा, गरिब तथा धनीका क्रियाकलाप, गाउँबेसी, हिमाल–पहाड–तराई, मेलापात, उकालीओराली, भञ्ज्याङचौतारी आदिका अनुभवजन्य अभिव्यक्ति, शासन व्यवस्था, स्वतन्त्रता, राष्ट्रियता, स्वाभिमानका सन्देशहरू लोक–गीतमा आएका हुन्छन्। सर्वसाधारण जनताका हृदयका उद्गारद्वारा मानव संस्कृतिलाई सुरक्षित गरेर राख्ने

क्षमता यसमा रहेको हुन्छ (भट्टराई, २०५२, पृ. ३४)।

नेपाली लोकगीत विभिन्न प्रकारका छन् । यसको कथ्य विषय, क्षेत्र, उद्देश्य, सहभागी आदिका आधारमा यिनलाई वर्गीकरण गर्न सकिन्छ। मोहनराज शर्मा र खगेन्द्रप्रसाद लइटेलले लोकगीतलाई क्षेत्र, जात, उमेर, लिङ्ग, सहभागिता, बनोट, प्रस्तुति, विषय, आकार र समयका आधारमा वर्गीकरण गर्न सकिने बताएका छन् (२०६३, पृ. ७९–८४)। जस्तो प्रकारको लोकगीत भए पनि त्यसमा लोकजीवनको उपस्थिति रहेकै हुन्छ।

लोकको विश्वास, परम्परा र व्यवहारका सामूहिक उद्गारहरू नै लोकगीत हुन्। लोकगीतमा लोकसमाजको अभिव्यक्ति पाइन्छ। यसमा लोकको सामाजिक जीवन, आर्थिक जीवन, नारी जीवन, सांस्कृतिक जीवन तथा प्रकृतिको चित्रण गरिएको हुन्छ । लोकसमाजको अभिव्यक्तिका क्रममा लोकगीतमा विभिन्न घटना, त्यस घटनासँग सम्बन्धित पात्र, घटना घटेको स्थान, घटना घटेको समय र वातावरण अभिव्यक्त भएको हुन्छ।

लोकगीत लोकमा प्रचलित हुन्छ । यो विश्वविद्यालय र अन्य संस्थामा अध्ययनअनुसन्धानको विषय बनेको छ। लोकगीतलाई गीत, लोकगीत, ग्राम गीत, भ्याउरे गीत आदि नामद्वारा बुझ्ने गरिन्छ (न्यौपाने, २०७२, पृ. १०३) । लोकगीतलाई चिनाउने क्रममा चूडामणि बन्धुले लोकजीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति जसमा लोकजीवनका दुःखसुख, आँसुहाँसो, आशानिराशा, चालचलन, विधिव्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ भनेका छन् (बन्धु, २०५८, पृ. ११५) । लोकजीवनका विभिन्न घटना र ती घटना घटाउने पात्र तथा लोकजीवनकै परिवेश लोकगीतमा व्यक्त भएको हुन्छ। समयको परिवर्तनसँगै लोकगीतका स्वरूप र शैलीमा केही परिवर्तन भएका पनि छन्।

कुनै पनि चिज, वस्तु वा विषयको सृजना गर्ने वा सृष्टि गर्ने कोही व्यक्ति वा समूह हुन्छ। लोकगीतको पनि कोही सर्जक हुन्छ तर त्यो धेरै पहिलेको, एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएकाले यसको सर्जक यही नै हो भनेर किटान गर्न सकिँदैन। लोकगीत मौखिक परम्परामा हुर्किँदै आएकाले यसको सृर्जना बिन्दु र सर्जक अनुमान गर्न सकिँदैन तापनि गीतमा प्रयुक्त शब्द र अभिव्यक्तिले यो रचनाको काल र समय अनुमान गर्न भने सकिन्छ। लोकगीतमा लोकको भावना, लोकको विचार, लोकको संस्कृति, लोकको परम्परा आदि प्रतिबिम्बित हुने भएकोले यसका आधारमा लोकगीत रचनाको काल र समय अनुमान गर्न सकिन्छ।

कृषिप्रधान देश नेपालका किसानहरूले यहाँको भूगोलअनुसार बारै महिना फरक फरक खालका कृषि कर्म गर्दछन् । किसानहरू खेतीपाती नगरी बसेको समयमा पनि साँझको समयमा, युवायुवतीहरू पर्व, जात्रा, मेलाका अवसरमा घर, मन्दिर आदि स्थानमा जम्मा भई रातभर गीत गाउँछन्। रोइला, सालैजो आदि बारै महिना गाइने लोकगीत हुन् । वनपाखा जाँदा जङ्गलमा एक्लै गाइने गीत घाँसे गीत हुन्। दोहोरी गीत बारैमास गाइन्छन्। सहरका विभिन्न दोहोरी साँझहरूमा यस्ता गीत गाइएका हुन्छन्। मानवसमुदायमा जन्मदेखि मृत्युपर्यन्त विभिन्न संस्कार सम्पन्न गर्ने प्रचलन पाइन्छ। ती संस्कारहरूमा संस्कार गीत गाइएका हुन्छन्।

लोकगीतको संरचना प्रायः छोटो प्रकृतिको हुन्छ। यो विभिन्न पङ्क्तिमा संरचित हुन्छ। लोकको भावना कथ्यवस्तु बनेर, लोकको भावना कुनै सहभागीमार्फत तथा लोकसमाज, स्थान, समय तथा वातावरणसहित लोकगीत प्रस्तुत भएको हुन्छ।

## *नेपाली लोकगीतमा लोकजीवनको उपस्थिति*

नेपाली लोकगीतमा लोकजीवनको उपस्थिति

रहेको हुन्छ। लोकगीत लोकसमाजको उपज भएकोले लोकसमाजका हर्ष, पीडा, व्यथा र मर्म लोकगीतमा व्यक्त भएका हुन्छन्। लोकगीतमा समाजको प्रतिबिम्ब उतारिएको हुन्छ। नेपाली लोकगीतमा लोकजीवनको उपस्थिति रहेको पाइन्छ।

## *लोकव्यवहारको अभिव्यक्ति*

नेपाली लोकगीतमा नारी जीवनका जन्मघर र कर्मघरका पीडा तथा व्यथा नारीले पोखेका हुन्छन्। नारीजीवन कुटो र कोदालोसँग खेल्दै बितेको हुन्थ्यो। उसलाई अर्काको घर जाने जात भनी पढ्नलेख्न दिइएको हुँदैनथ्यो। चर्को घाममा डढ्दै, पानीमा भिज्दै कृषिकर्म गर्नुपर्ने उसको बाध्यता थियो। उसका घरका जहानहरू पनि उप्रति सकारात्मक हुँदैनथे। उनीहरू त वनका बाघ जस्ता आक्रामक स्वभावका हुन्थे। ससाना निहुँमा पनि टोकसो गर्ने, निहुँ खोजिरहने, दुःख दिने खालका उनीहरू हुन्थे। यही भावको अभिव्यक्ति भएको एउटा गीतमा भनिएको छ–

छोरी भनी पढाएनन् पापी बाबाआमाले
अइले मलाई पोल्दै छ चर्को घामले।
जता हेर्‍यो छैन सुख पोलेको आगोझैँ
घरका जहान हेरौँ भने वनका बाघ झैँ।

(आचार्य, २०५६, पृ. ५८–६२)

प्रस्तुत गीतमा नारी जीवनका कथाव्यथा प्रस्तुत गरिएको छ। आफ्ना बाबाआमाले छोरी भनी आफूलाई नपढाएको कारणले चर्को घाममा काम गर्नुपरेको कुरा बताएकी छ। दिनभर घाममा काम गर्नुपर्ने अनि बेलुका घरमा आउँदा घरका जहान वनका बाघजस्ता भएकाले निकै दुःख पाएकी छ। उसले सुख कतै पनि भेट्न सकेकी छैन।

कृषिप्रधान देश नेपालमा बारै महिना कृषिकर्म गरिन्छन्। कृषि कर्मअनुसार किसानहरूले गीत गाउँछन्। तिनैमध्ये जेठ महिनामा गाइने जेठे गीतमा लोकव्यवहारको अभिव्यक्ति निम्नअनुसार भएको पाइन्छ–

जेठै र मासका यति चर्का घाम एक्लै कोदाली खन्छु नि है।
घरमा थिए बेरामी स्वामी, स्वामीको हाल के पाम्छु नि है ?
गामै र बाट बिसीमा जाँदा मुजेत्रो खस्यो नि है।घरमा
छन् बिरामी स्वामी केकेमा मेरो हुन्छ नि है ?

(शर्मा र लुइटेल, २०६३, पृ. १३०)

प्रस्तुत गीतमा जेठ महिनाको चर्को घाममा काम गरिरहेकी नारीले घरमा बिरामी भएका पतिको अवस्था के भयो होला भनी चिन्ता लिएकी छन्। गामबाट बिसी आउँदा मुजेत्रो खसेकोले अशुभको सङ्केत गरेको छ। कतै पतिको नराम्रो पो हुने हो कि भनी उनले चिन्ता लिएकी छन्। मुजेत्रो खस्दा अशुभको सङ्केत मान्ने परम्परालाई गीतमा प्रस्तुत गरिएको छ।

## *लोकसांस्कारिक परम्पराको अभिव्यक्ति*

नेपाली लोकगीतमा लोकसमाजका विभिन्न संस्कारको परिचय दिइएको हुन्छ। मानवसमुदायमा जन्मदेखि मृत्युपर्यन्त विभिन्न संस्कार सम्पन्न गरिन्छन्। कुन महिनामा विवाह गर्ने, कुन महिनामा विवाह गर्दा के फाइदा हुन्छ भन्ने कुरा लोकगीतमा व्यक्त भएको हुन्छ। मङ्सिर महिना विवाहको लगन हुने महिना हो। यति बेला धान थन्क्याउने चटारो पनि हुन्छ। उता मायालु जोडीहरू धान काट्न छोडेर मायाप्रेममा बाँधिन, बिहे गर्न, हनिमुन मनाउन घुम्न गएका पनि हुन्छन्। बिहे गरेपछि धान काट्ने खेताली पनि बढ्ने भई। धान काट्ने खेतालीका रूपमा चेलीलाई कहाँ खोजौँ भनी प्रश्न गरिएको सन्दर्भको एउटा गीतमा भनिएको छ–

अब लाग्यो मङ्सिर महिना सालैजो
धान पाक्यो पयाँलो
धान पाकी भइँमा पो झर्‍यो सालैजो
कहाँ पो भुल्यो मयाँलो
धानै काटन बेला भयो सालैजो

कहाँ खोजौँ चेलीलाई। (थापा, २०३०, पृ. २६२–२६४)

मङ्सिर महिना विवाहको लगन हुने महिनामा हो। यसै महिनामा धान पहेँलै भएर पाकेको हुन्छ। विवाह गरेर घरमा चेली ल्याएपछि खेताली पनि बढ्छे। त्यसैले चेलीलाई कहाँ खोजौँ भनी गीतमा भनिएको छ। यसैगरी मृत्यु संस्कारसम्बन्धी एउटा गीतमा भनिएको छ—

सदा त भैय्यैको शिरैमा टोपी
आज त भैय्यैको एक सरो टोपी
बाउआमा कस्ता छन् ?
गोडाको कल्ली म सधैँ लाउँथेँ
काँ पाउनु बाउआमा
हे हरि हरि यो सधैँभरि
टक्कै टुरो भइ गएँ।

(निरौला, २०७२, पृ. ३७९–३८२)

प्रस्तुत गीतमा मृत्युसंस्कारको सामान्य जानकारी दिइएको छ। असार महिनाको कुनै एक दिन रोपाइँ गर्ने बेला भएको छ। धेरै दिनदेखि दिदीले माइतीघरको खबर पाएकी थिइन। ऊ माइतीघरका बा, आमा र भाइको सन्चोबिसञ्चो खबर पाउन आतुर छ। त्यसै समयमा उसको भाइ दिदीको घरमा टुप्लुक्क आइपुग्छ। आफ्नो घरमा आउँदा पक्कै पनि भाइले शुभखबर ल्यायो भन्ने उसलाई आशा हुन्छ। भाइको पहिरन हेर्दा त्यो आशा तत्कालै निराशामा परिणत हुन्छ। उसले आशौच बारेजस्तो देखिन्छ। दिदीले भाइलाई बाआमाबारे सोध्दछे। साथै उसले मेरो भाइ मेरो घरमा आउँदा शिरको टोपी दोबरी हुन्थ्यो तर किन आज एकसरो छ भनी सोध्दछे।

आदर्शमय सामाजिक वातावरण जीवन्त राख्न, सदाचारयुक्त जीवनशैली अपनाउन तथा देशको कला, संस्कृति जगेर्ना गर्दै आगामी पुस्तालाई हस्तान्तरण गर्न हाम्रा मौलिक चाडपर्वहरूमध्ये तिज पर्व पनि एक हो। यो नेपाली नारी जातिको महान चाड हो। यसका अवसरमा गाइने गीत तिज गीत हो। नारीहरू आफ्नो परिवार तथा विवाहिता नारीले आफ्ना पतिको दीर्घायुको कामना तथा अविवाहित नारीले परिवारको दीर्घायुको कामना तथा असल श्रीमान् पाऊँ भनी निराहार निर्जला व्रत बस्ने गर्दछन्। यस दिन शिव मन्दिरमा गई पूजापाठ गर्ने गर्दछन्। यसैसँग सम्बन्धित तिजपर्वको महत्त्व र संस्कार अनि यसको सन्देश गीतमा भनिएको छ—

अब आउने तिजैमा घरघरै गएर
छोरी चेली दुःख पाउनी जम्मा भएर।
छोराछोरी भेद नगरी अंशपात दिलाइदेऊ
छोरीले नि अंश पाउने कानुन बनाइदेऊ।

(आचार्य, २०५६, पृ. ५८–६२)

नेपालीहरू काम र मामको क्रममा विदेशमा पुगेका हुन्छन्। यो अहिलेको चलन मात्र होइन विगतदेखि नै यस्तै हुँदै आएको थियो। विदेशमा पुगेर पनि नेपाली संस्कार र संस्कृतिलाई बिर्सन हुँदैन भन्दै सन्देशबाहक गीतहरू गाइने गरिएको थियो। यस्तै मध्येको एउटा गीतमा भनिएको छ—

जन्मेको देशलाई नेपाली भेषलाई
नेपालीले नेपाललाई माया मार्‍यो बरिलै
माया मार्‍यो बरिलै ...।

(माया ठकुरी, व्यक्तिगत कुराकानी, २०७९ भदौ ११)

नेपाल राष्ट्रप्रति मायाको भाव व्यक्त भएको प्रस्तुत गीतमा नेपाल देश र नेपाली भेषलाई जहाँ गए पनि नछाड्न आग्रह गरिएको छ।

भैली गीतले समाजलाई सही बाटोमा हिँडन ठुलो भूमिका खेलेको हुन्छ। भैली गीतमा घरको लिपपोत, सरसफाइमा ध्यान दिनुपर्ने कुरा पनि आएको हुन्छ। यही भाव प्रस्तुत भएको एउटा गीतमा भनिएको छ—

भैलिनी आइन् आँगन
गुनियाँचोली मागन

बढारीकुँढारी राखन
हे औँसीबार, गाईतिहार– भैलो।
(पराजुली, २०५७, पृ. १८९)

सङ्गिनी नेपालको पूर्वी क्षेत्रमा प्रचलित बारमासे गीत हो । नेपालको पूर्वी क्षेत्रमा बसोबास गर्ने क्षेत्रीबाहुन समुदायका नारीहरूले सङ्गिनी गीतका माध्यमद्वारा आफ्ना सुखदुःख, वेदना आदिलाई प्रस्तुत गर्दछन् (थापा र सुवेदी, २०४१, पृ. १०३)। बारैमास गाउन सकिने र नारी समुदायले मात्र गाउने गीत र गाथा दुवै रूपमा यो रहेको पाइन्छ (पराजुली, २०५७, पृ. ३१७)। यसमा नारीहरूले आफ्नो सुरिलो कण्ठद्वारा आफ्ना सुखदुःख, पीडा, वेदना, मर्म आदिलाई खुलेर व्यक्त गर्दछन्।

## *लोक कुसंस्कारको अभिव्यक्ति*

विवाहका अवसरमा बेहुलाको घरमा महिलाहरू जम्मा भएर गाइने गीत रत्यौली हो। जब बेहुला अन्माएर बेहुली लिन जन्ती प्रस्थान गर्दछन्, तब महिलाहरू जम्मा भएर यो गीत गाउँछन्। नेपाली संस्कृतिअनुसार बेहुलाका घरमा ग्रहशान्तिका अवसरमा बालिएको बत्ती बेहुली नभित्रिँदासम्म जगाइराख्नुपर्ने भएकाले इष्टमित्र, नातागोता, छिमेकीहरू जम्मा भएर मनोरञ्जन गर्ने, रातभर गीत गाएर जागा बस्ने र बत्ती पनि जगाउने रत्यौली गीतको परम्परा रहिआएको छ । लोक कुसंस्कारको व्यक्त भएको एउटा गीतमा भनिएको छ–

गाउरीताउला, काठैको आल्मारी
ल्याउँछ दुलही, छातीको ढाल मारी।
आज लयो, पहेँलो पोड्का
भोलि त, ल्याउँछ नि थालबोड्का।
कत्तिको, इमानी होला
मोटरसाइकल, देला कि नदेला
आइपुग्यो, हाम्रो भाइ
गाईको बाच्छी, गर्दुवा अघि लाई।
(न्यौपाने, २०६६, पृ. ३३४–३३८)

प्रस्तुत गीतमा गर्दुवामा गाग्री, ताउला, थाल, कचौरासँगै भाइले मोटरसाइकल पाउने आशा दिदीले गरेकी छ। आउने बुहारीले राम्रो व्यवहार गर्ने हो कि ? रुखो वचन लाउने हो ? बुहारीले रुखो वचन नलगाइदिए हुन्थ्यो भन्ने आश गरेकी छ।

नेपाली लोकसमाजमा कृषिकर्मअनुसार लोकगीत गाइन्छन्। तिनै गीतहरूमध्ये असार महिनामा खेत रोप्दा गाइने असारे गीतमा लोक कुसंस्कारको अभिव्यक्ति पाइन्छ। जुन निम्नअनुसारको छ–

असारे मासको दबदबे हिलो छि ! मलाई घिन लाग्यो
पातली नानीलाई फरिया किन्दा छबिस रिन लाग्यो
बेलाउती काँचो ख्याल हैन साँचो छबिस रिन लाग्यो
(थापा र सुवेदी, २०४१, पृ. १४२–१४३)।

प्रस्तुत गीतमा एउटी मन परेकी नानीलाई फरिया किन्दा ऋण लागेको विषयवस्तु प्रस्तुत भएको छ। नेपाली समाजमा ऋण बोकेर भए पनि अरूलाई देखाउनकै लागि फजुल खर्च गर्ने परम्परा हिजोदेखि आजपर्यन्त रहिआएको छ । यस्ता अनुत्पादनशील खर्चले नेपाली समाजलाई हित गर्दैन भन्ने सङ्केत गीतले गरेको छ।

## *कृषिकर्मको अभिव्यक्ति*

विगत लामो समयदेखि नै नेपाल कृषिप्रधान देशका रूपमा रह्यो । यहाँका अधिकांश मानिस कृषिकर्ममा आवद्ध भएको पाइन्छ। नेपाली लोकगीतमा तिनै किसानका मर्म, पीडा, व्यथा तथा कृषिकर्मसँग सम्बन्धित विषयवस्तु प्रस्तुत गरी किसानलाई सचेत गराएको पाइन्छ। नेपालको भूगोलअनुसार बारै महिना फरक फरक खालका कृषिकर्म गरिन्छन्। नेपालमा प्रचलित विभिन्न खालका कर्मगीतहरूमध्येको सालैजो भाकाको कर्मगीतमा नेपालका बारैमास गरिने कृषिकर्मको बारेमा उल्लेख गरिएको छ। यस गीतमा भदौ महिनाबाट सुरु भई क्रमशः असोज महिना हुँदै

साउन महिनासम्मका कृषिकर्म उल्लेख गरिएको छ। भदौ महिनादेखि सुरु भएर साउन महिनासम्मका बार महिनाको चक्रमा नेपाली किसानहरूले गर्ने मुख्य मुख्य कृषिकर्मको बयान प्रस्तुत गीतमा गाइएको छ। किसानहरूले कुन महिनामा के कर्म गर्ने भन्ने कुराको जानकारीका लागि पनि यो गीत विशेष महत्त्वको छ। प्रस्तुत गीतमा भनिएको —

अब लाग्यो भदौको महिना सालैजो
धान कोदो गोडौँला।
अब लाग्यो असोजको महिना
अबदेखिन् छोडौँला।
...
अब र लाग्यो साउने महिना सालैजो बारीमा
हिलो छ।

(थापा, २०३०, पृ. २६२–२६४)

किसानहरूले धान झाँटिसकेपछि रहलपहल धान झार्नका लागि मियोमा गोरुहरू वा राँगाहरू लस्करै नारेर परालमाथि हिँडाउने कार्यलाई दाइँ भनिन्छ। दाइँ हाल्दा गोरु वा रागालाई खेद्दै गाइने गीत दाइँगीत हो। दाइँ हाल्दा कामदारहरू (दयराहरू) हरू थकित भएका हुन्छन् भने गोरु तथा रागाहरू पनि घुम्दा घुम्दा थाकेका हुन्छन्। त्यस्तो अवस्थामा तिनीहरूको थकान भुलाउन तथा काममा थप ऊर्जा प्राप्त गर्नका लागि गीत गाइने गरिन्छ। दाइँ हाल्दा सह ल्याउनु, मनोरञ्जन गर्नु र थकाइ बिर्साउनु यस गीतको उद्देश्य हो। कार्तिक–मङ्सिर महिना चिसो मौसम हुने भएकाले चिसोबाट बच्न तथा जिउ तताउन पनि यस गीतले सहयोग पुर्‍याएको हुन्छ। कामदारहरूमा हौसला दिन पनि गीत गाइन्छ। यसै सन्दर्भमा गाइएको गीतमा भनिएको छ—

धुपधुवाँर, मेरो भाइ बरादो, भूँमेले खाए
यो काम गर्न तिमीलाई, मेरो भाइ बरादो महादेवले लाए।
हिमालै पर्वतमा, मेरो भाइ बरादो, झुल्किहाल्यो घाम
गोरु खेद्नी लक्ष्मण, मेरो भाइ बरादो, बिटा ठटाउनी राम।

(न्यौपाने, २०६६, पृ. १९५–१९६)

प्रस्तुत गीतमा धुपधुवाँर गरेर भूमिदेवतालाई खुसीपारी दाइँ सुरु गरिएको छ। कामदार तथा गोरु, रागोलाई खुसी पार्न यो काम महादेवले लगाएका हुन् भनिएको छ। कामदारलाई राम र लक्ष्मणजस्ता भगवान् भनी खुसी पारिएको छ।

## *नारीजीवनका कथाव्यथाको अभिव्यक्ति*

पहिलेपहिले चेलीहरू बिहे भएर टाढा टाढा पुगेका हुन्थे। तिज पर्वमा आफ्ना चेलीवेटी लिन दाजुभाइ दिनभर हिँडेर जानुपर्थ्यो। जङ्गल, भिर र खोला पार गरेर जानुपर्थ्यो। त्यति बेला यातायातको सुविधा थिएन। दिदीबहिनी दुईचार दिनलाई पुग्ने घाँस काटेर, घरमा गर्नुपर्ने काम सकेसम्म धेरै गरेर, सासूससुरालाई खुसी पारेर, पठाइ मागेर, आउनुपर्ने भाका मागेर माइती लिन आएपछि दुईतीन दिनलाई जान पाउँदा निकै खुसी हुन्थे। कतिपय दिदीबहिनीका सासूससुराले नपठाए दाजुभाइ रुदैरुदै रित्तै फर्किनुपर्थ्यो। कतिपय दिदीबहिनीहरू आफ्ना दाजुभाइ कहिले लिन आउलान् भनी बाटो हेरिरहन्थे। कतिपय दाजुभाइ लिन नआउँदा चेलीहरूले नरमाइलो पनि मान्दथे। त्यस्तै परिवेश बनाएर प्रस्तुत गरिएको तिजको एउटा गीतमा भनिएको छ—

चेली– आँगनीको डिल बसी काली कौवा काँ काँ
के केमा समाचार ल्यायौ बरिलै।
कौवा– एकमा समाचार कागतुको चिर्कटो
दोसरी समाचार तिम्लाई लिन हो।

(माया ठकुरी, व्यक्तिगत कुराकानी, २०७९ भदौ ७)

कागामार्फत चिर्कटोमा केही लेखी तिजमा आफू लिन आउन नपाएकाले माइत आउन भनिएको छ। काली कौवा आँगनको डिलमा आएर कराउँदा ती चेलीको मनमा माइतीले केही खबर पठाए होलान्

भनी खुसी भएकी छन् । उनको यो खुसीको क्षण धेरै बेर अडिइरहन सक्दैन। उनी सोचविचारमा लाग्दछिन्। उनको मनमा माइती पक्षप्रति शङ्कालु भाव उत्पन्न हुन्छ। उनले अरू चेली र आफूमा तुलना गर्न थाल्छिन् । अरू चेलीलाई लिन उनीहरूका माइती आउने तर आफ्नो चाहिँ कौवामार्फत खबर पठाएकाले नमज्जा मान्छिन् र गीतमै भन्दछिन्—

मेरो माया हुँदो हो त बाबा लिन आउँदा हुन्
कागजको चिर्कटोले जान्न बरिलै ।
मेरो माया हुँदो हो त दाजु लिन आउँदा हुन्
कागजको चिर्कटोले जान्न बरिलै ।
मेरो माया हुँदो हो त भाइ लिन आउँदा हुन्
कागजको चिर्कटोले जान्न बरिलै ।

(माया ठकुरी, व्यक्तिगत कुराकानी, २०७९ भदौ ९)

चेलीले कागले ल्याएको चिकर्टोको निमन्त्रणा स्वीकार नगरेको सन्दर्भ प्रस्तुत गीतमा आएको छ । चेलीहरूले समयक्रममा माइतीलाई घुर्की लगाउने गर्दथे। उनले माइती पक्षले आफूलाई माया नगरिएको महसुस गरेकी छन् । यदि मेरो माया थियो त बाबा, दाजु वा भाइमध्ये एक जना लिन आउँथे । आफूलाई हेला गरेर कौवामार्फत खबर पठाएको उनले महसुस गरेकी छन्। गीतमा प्रस्तुत गरिएको विषयमा भौगोलिक विकटता भएको परिवेश आएको छ। चेलीबेटी विवाह गरी धेरै टाढा पठाइने, उनीहरू माइत घर आउन चाहने, दाजुभाइ चेलीवेटीलाई लिन आउने विषयवस्तु प्रस्तुत गरिएको छ। यसले परम्परागत नेपाली समाज कस्तो थियो भन्ने विषयको सङ्केत गर्दछ।

घरमाइती गर्दा चेलीहरूले बाटामा निकै दुःख पाउथे । उकालीओराली गर्नुपर्ने, खोलानाला तर्नुपर्ने अवस्था आउथ्यो। खोला तर्नुपर्दा कतिपय अवस्थामा अरूको सहायता लिनु पनि पर्दथ्यो । यस्तै बेलाको एउटा गीतमा भनिएको छ–

चेली– घाटमा बस्ने घटियारे दाजै
हामीलाई डुङ्गा तारिदेउन।
बोटे– हामरो सिन्दूर पहिरिने भए
तिमीलाई डुङ्गा तारिदिउला।
चेली– तिम्रो सिन्दूर पहिरिन भन्दा त
बयेली खेल्दै जाउला बरिलै।

(माया ठकुरी, व्यक्तिगत कुराकानी, २०७९ भदौ ९)

उपर्युक्त गीतमा नारीले पुरुषसँग सहयोगको याचना गरेकी छ भने पुरुषचाहिँ स्वार्थले प्रेरित भएको छ। ऊ नारीलाई खोला तारिदिने तर आफूसँग विवाह गनुपर्ने प्रस्ताव राख्दछ। ऊ दुष्ट स्वभावको देखिन्छ। यता नारी भने बाटामा भेटिएका र आफूलाई सहयोग गर्ने पुरुषसँग सिन्दूर पहिरिनुभन्दा त बरु नदीमा बग्न नै ठिक भएको प्रतिउत्तर दिँदै नारीचेतना प्रस्तुत गरिएको छ । उक्त गीतमा प्रस्तुत नारीले एउटा स्वाभिमानी नारीको परिचय दिएकी छन्। गीतमा बर्खामास भएको, नदीनाला बढेका, खोला तर्न कठिन भएको भौगोलिक परिवेशका साथै पुरुष स्वार्थ र दम्भ तथा नारीको सहयोगको याचना गरिएको लोकजीवन गीतमा प्रस्तुत भएको छ।

## *नारी विद्रोहको अभिव्यक्ति*

पहिले चेली घर बस्न नसकेर, सौतासँग टिक्न नसकी, लोग्नेको कचकच तथा सासूससुराको बुहार्तन सहन नसकी माइतीघर शरण लिन आइपुग्थे। उनीलाई करबल गरेर घर गरिखान भन्दै बलजफत घरमै पठाइन्थे। यसै सन्दर्भको एउटा गीतमा भनिएको छ—

जान्न घर नलाऊ कर
त्यही छ नदी बगाइदेऊ सलल।

(माया ठकुरी, व्यक्तिगत कुराकानी, २०७९ भदौ ९)

प्रस्तुत गीतमा नारी विद्रोहको स्वर प्रस्तुत भएको छ । गीतमा प्रस्तुत भएकी नारी घरको कचकच सहनुभन्दा नदीमा बगाइदेऊ भन्दछिन् । उनलाई कि माइतीघरमा नै बस्न दिनुपर्‍यो, बल गरेर घरमा नै

जाऊ भन्नुभन्दा नदीमा सलल बगाइदिन भनेकी छन्। नारीको आश्रय लिने ठाउँ बाबुआमाको घर हो भन्ने व्यञ्जना अर्थ पनि यहाँ आएको छ।

नेपाली नारी घरधन्दामा मात्रै सीमित हुने होइन ऊ अरू देशका नारी जस्तै विकास निर्माणका कार्यमा अगाडि बढ्न सक्छन् र चाहन्छन् पनि। यही भाव भएको एउटा गीतमा भनिएको छ–

कति विकास गरिसके अरू देशका नारीले
हामीलाई छाडेन घाँसको भारीले

(आचार्य, २०५६, पृ. ५८–६२)।

प्रस्तुत गीतमा अरू देशका नारीले धेरै विकास गरेका तर हाम्रो देशका नारीले विकास गर्न नसकेको कुराको उठान गरिएको छ। हाम्रो देश नारीलाई अझैं पनि दिनभरि घाँस काटेर बस्नुपर्ने, पढ्न नपाउने अवस्था छ। त्यसैले नारीले विकास गर्न नसकेका हुन् भन्ने कुरा उक्त गीतमा व्यक्त गरिएको छ।

## *उमेरगत चाहनाको अभिव्यक्ति*

मानिस र उसको रूप सँगसँगै आएको हुन्छ। लोकगीतमा मानिसको उमेरअनुसारको चाहना फरक फरक रहेको कुराको अभिव्यक्ति पाउन सकिन्छ। नारीको यौवन अवस्था आफ्नो रूप सजाउन चाहने, सिँगारपटारमा विशेष चासो राख्ने, सुन्दरी देखिनु उनीहरूको सौखको विषय नै हुन्थ्यो। यौवनावस्थाकी एउटी नारीले आफ्नो उमेरगत चाहनाबारे गीतमा भनेकी छन्–

सिर्फूलको छेउ काटी लैजाऊ बाबा जोखन
ल्याइदेऊ बाबा झिलिमिलि रूपै जोबन।
टिकियाको ...
ढुङ्ग्रियाको ...
माडवरीको ...

(पराजुली, २०५७, पृ. १७८)।

नारीहरू फूल टिपेर थपक्क टाउकोमा राखी सजाउन चाहन्थे। यो नारीमा रहेको सौन्दर्यचेतनाको अभिव्यक्ति हो। तर सबै नारीले आफ्नो रूप सजाउन सक्दैनथे। उमेर ढल्कदै गएपछि नारीका इच्छा र चाहना पनि परिवर्तन हुँदै जान्छन्। उनीहरू आफ्नो बैँस सम्झेर पछुताउमा पर्दछन्। उनीहरूलाई त्यो विगत सम्झेर आफूप्रति नै ईर्ष्या जागृत हुन्छ। यही र यस्तै भाव भएको अर्को एउटा गीतमा भनिएको छ–

यतिका उमेर घरबार छैन
घरबार छैन के गर्‍यो रूपैले

(पराजुली, २०५७, पृ. २०९)।

प्रस्तुत गीतमा यौवन अवस्था ढल्कदै गर्दा पनि घरबार हुन नसकेकोमा चिन्ता र चासो व्यक्त गरिएको छ। रूप राम्रो भए पनि मानिसले जिन्दगीमा समयमै घरजम गर्न सकेन भने रूपको काम पो के भयो र भन्ने चिन्ता प्रस्तुत गीतमा व्यक्त गरिएको छ।

## *नेपाली लोकगीतले लोकजीवनमा पारेको सामाजिक प्रभाव*

लोकगीतमा लोकसमाजका दिनचर्या प्रस्तुत भएका हुन्छन्। नेपाली समाजका हाँसो, सुख, उकालीओराली, दुःख, पिर, वेदनाले त्यस्ता गीतमा स्थान पाएका छन्। मायाप्रेमका कुरा, नारी जीवनमा मर्म, कृषिकर्म गर्दाका अनुभव, भगवान्‌को आराधना, मनोरञ्जनका विषय लोकगीतमा प्रस्तुत छन्। उत्सव, चाडपर्व, कामकाजका कुराबाटै लोकगीतले पूर्णता पाएको छ। त्यस्ता लोकगीतको अध्ययनबाट हामीले त्यति बेलाको समाजको अवस्था, सामाजिक चालचलन, रीतिरिवाज, चाडपर्व आदिका बारेमा अवगत गर्न सक्छौँ। मयक्रममा त्यस्ता चालचलन र व्यवहारमा परिवर्तन हुँदै आएका छन्।

नेपाली लोकगीतको अध्ययनबाट हामी प्राचीन नेपाली समाजसम्मै पुग्न सक्छौँ। दाइँगीतले हाम्रा पुर्खाको कर्मको परिचय जीवन्त राख्न सहयोग गरेको

छ। तिजेगीतमा नारीमा पीडा, व्यथा, मर्म, सासूससुराको हैकमका स्वर सुन्न पाइन्छ । तिजेगीतले समाजमा नारी अवस्था कस्तो थियो, समाज विकासको क्रममा उनीहरू पनि कसरी परिवर्तन हुँदै आए भन्ने कुराको अध्ययनका लागि त्यस्ता गीतहरू उपयोगी सामग्री बन्दछन् ।

नेपाली लोकगीतमा लोकसमाजका विभिन्न घटना, विषयवस्तु, चालचलन आदि कथ्यविषयका रूपमा प्रयुक्त भएका हुन्छन् । तिनमा प्राचीन नेपाली समाजको प्रतिबिम्ब प्रस्तुत गरिएको हुन्छ। लोकगीतमा नेपाली लोकसमाजको विषयवस्तु प्रस्तुत हुने भएकाले त्यही नेपाली समाजबाटै विभिन्न सहभागीहरू उपस्थित गराइएको हुन्छ।

नारीका पीडा, रोदन, क्रन्दन, विलाप, उत्पीडन, सुस्केरा, आँसुका अभिव्यक्ति तिजेगीतमा हुन्छन् । कतिपय यस्ता गीतमा नारी जागरण र चेतनाका भाव व्यक्त गरिएका हुन्छन् । यिनले सामाजिक यथार्थको बोध गराएका हुन्छन् । तिजका गीत गरिब महिलाले मात्र होइन धनीमानी महिलाले पनि गाउँछन्। धनीमानी महिलाका गीतमा पनि उनीहरूका अभावका कुरा र पीडा नै व्यक्त भएका हुन्छन् । तिजेगीतमा नारीका पीडा, व्यथा, निराशा, खानपानका कुरा मात्र व्यक्त नभई जीवनजगत्‌का यावत् कुराहरू प्रस्तुत भएका हुन्छन् । तिजका गीतहरू पहाडी क्षेत्रका नारीहरूका सामाजिक इतिहास हुन् (बन्धु, २०५८, पृ. ३४) । यिनले समाजलाई सही बाटोमा हिँडाउन ठुलो भूमिका खेलेका हुन्छन् । त्यसैले तिजेगीत धनी र गरिब दुबै खाले महिलाका मनमा गुम्सिएर रहेका अभाव तथा पीडा व्यक्त गर्ने माध्यम तथा अवसर पनि हो।

तिज पर्वले सामाजिक, सांस्कृतिक एकता तथा पारिवारिक सम्बन्ध थप सुमधुर बनाउने गर्छ। यसले समाजका हरेक क्षेत्रमा महिलाको समान पहुँचलाई अझ सशक्त रूपमा अगि बढाउने गर्दछ। नारी सामर्थ्य अभिव्यक्त गर्ने यसले सामाजिक एकता, महिला सशक्तीकरण र सामाजिक सद्भाव कायम राख्ने गर्दछ। यो महिला जागरणको सन्देश फैलाउने सामाजिक मञ्च हो । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा एवम् सामाजिक कुरीतिको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने अपेक्षा यस पर्वले गरेको हुन्छ। तिज भनेको माइतीचेली बिचको आत्मीय सम्बन्धलाई जीवित बनाउने पर्व हो। यस पर्वका अवसरमा 'तिजका बेला सबै माइत जान्छन्' जस्ता सभ्य, सुसंस्कृत, जीवनका सुखदुःखका गीत गाउनुपर्छ अनि मात्र संस्कार र संस्कृतिको संरक्षण हुन्छ।

तिजेगीत नेपाली नारीहरूको पीडा, व्यथा, हर्ष–बिस्मात, सामाजिक जागरणका स्वरहरू पोखिएका लोकका सम्पत्ति हुन् । नेपालभरि तिजेगीत गाइन्छन् । जहाँजहाँ नेपालीहरू पुगेका छन् ती ठाउँमा समेत तिजेगीत गाइन्छन् । यसको क्षेत्र व्यापक छ । त्यसैले यसको शैली, संरचना र भाकामा पनि फरक फरक स्वरूप देखिएको पाइन्छ।

लोकगीतमा लोकजीवनको उपस्थिति रहेको हुन्छ । यसैले लोकगीतमा लोकजीवनका विविध विषयवस्तु, लोकजीवनका सामाजिक आर्थिक भौतिक प्राकृतिक वातावरणको प्रस्तुति रहेको हुन्छ। लोकगीतमा लोकजीवनका राम्राराम्रा पक्षको उपस्थिति गराएर लोकसमाजलाई आदर्श समाजका रूपमा राखिराख्ने उद्देश्य राखेको हुन्छ। कतिपय गीतमा नराम्रा पक्षको उपस्थिति गराई लोकसमाजलाई त्यसतर्फ नलाग्न आग्रह समेत गरिएको छ । लोकगीतले राम्रा पक्षको अनुसरण गर्न सिकाएको छ साथै नराम्रा पक्षलाई त्याग गर्न तथा त्यसप्रति सचेत रहन आग्रह गराएको छ।

## *निष्कर्ष*

लोकगीत लोकसाहित्यको एउटा महत्त्वपूर्ण विधा हो । यो पद्यात्मक र गेयात्मक हुन्छ । यसको

कथ्यवस्तु लोकजीवनबाट लिइने तथा यसको सर्जक लोकसमाज हुने भएकाले यसमा लोकजीवनका विविध पक्षहरू समाविष्ट हुन्छन् । लोकगीत लोकसमाजको उपज भएकाले यसमा लोकसमाजको प्रतिबिम्ब आएको हुन्छ । यसक्रममा लोकसमाजका विभिन्न पक्षहरू यसका कथ्यवस्तु हुन्छन् । यसमा लोकसमाजको वातावरण पनि यसमा आएको हुन्छ। लोकसमाजको त्यो वातावरणमा रमाउने व्यक्तिहरू पनि लोकगीतमा आएका हुन्छन्।

नेपाली लोकगीतमा लोकसमाजको चित्रण गरिएको हुन्छ। लोकजीवनको उपस्थिति, लोकसांस्कारिक परम्पराको अभिव्यक्ति, नारीजीवनका कथाव्यथाको अभिव्यक्ति, नारी विद्रोहको अभिव्यक्ति, उमेरगत चाहनाको अभिव्यक्तिजस्ता नेपाली लोकजीवनको उपस्थिति नेपाली लोकगीतमा रहेको हुन्छ। लोकजीवनका पर्व, जात्रा, मेला, उकाली, ओराली, सुख, दुःख, सामाजिक रहनसहन, धर्म, जाति आदि लोकगीतका कथ्यवस्तु बनेर आएका छन्। यसैगरी नेपालको पूर्व, पश्चिम, उत्तर र दक्षिण सबै ठाउँ, प्रायः सबै भूगोल लोकगीतमा प्रयुक्त छन्। सङ्गिनी गीतले पूर्वी नेपालका स्थानहरू र वातावरणको चित्रण गरेको छ। सालैजो र रोइला गीतमा वर्तमान गण्डकी प्रदेश वरिपरिको वातावरण चित्रण गरिएको छ। कुनै स्थान विशेषमा प्रचलित लोकगीतमा त्यही वरिपरिको स्थान, समय र वातावरणको चित्रण गरिएको पाइन्छ। लोकगीतमा प्रस्तुत वन, पाखा, खेत, बारी, उकाली, ओराली, मेलापात आदि लोकजीवनका स्थान हुन् । जङ्गल, फूलबारी, चौतारो, पँधेरो आदि लोकजीवनका सुन्दर प्राकृतिक वातावरण लोकगीतमा आएका छन् । लोकगीतमा प्रस्तुत लोकजीवनले लोकगीत रचनाको समय, लोकसमाजका गतिविधि, लोकसमाजको अवस्था, लोकसमाजको भौतिक, आर्थिक, शैक्षिक, चिन्तनको स्तर आदिको अध्ययनका लागि उपयोगी सामग्री बनेका छन् । यी लोकका सम्पत्ति, लोकका धरोहरका रूपमा रहेका लोकगीतको अवगत हामी सबैलाई हुनु आवश्यक छ।

## *सन्दर्भ सामग्रीहरू*


आचार्य, ऋषिकेश (२०५६). 'ललितपुरका ग्रामीण क्षेत्रका लोकगीतको अध्ययन र विश्लेषण'. स्नातकोत्तर अप्रकाशित शोधपत्र. त्रिवि।

थापा, धर्मराज (२०३०). *गण्डकीका सुसेली*. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१). *नेपाली लोकसाहित्यको विवेचना*. काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, त्रिवि।

निरौला, कुलराज (२०७२). 'सङ्गीनीको सन्दर्भवादी अध्ययन'. *नेपाली लोकवार्ता* (सम्पा. जीवेन्द्र देव गिरी). काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

न्यौपाने, कुसुमाकर (२०६६). 'पश्चिमाञ्चल क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूको अध्ययन'. विद्यावारिधि अप्रकाशित शोधप्रबन्ध. त्रिवि।

न्यौपाने, कुसुमाकर (२०७२). 'लोकगीतको सिद्धान्त'. *नेपाली लोकवार्ता* (सम्पा. जीवेन्द्र देव गिरी). काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

पराजुली, कृष्णप्रसाद (२०५७). *नेपाली लोकगीतको आलोक*. काठमाडौँ : वीणा प्रकाशन।

बन्धु, चूडामणि (२०५८). *नेपाली लोकसाहित्य*. काठमाडौँ : एकता बुक्स।

भट्टराई, अम्बिकाप्रसाद (२०५२). 'तनहुँ ढोरका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण'. स्नातकोत्तर अप्रकाशित शोधपत्र. त्रिवि।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३). *लोकवार्ता विज्ञान र लोकसाहित्य*. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।